**मण्डनदेउपुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
महादेबस्थान

## *ईन्द्रावती नदि, ढाडखोला, थारखोलाको ढुंगा गिट्टी बालुवाको संकलन तथा बिक्रि शुल्क उठाउने सम्बन्धि शिलवन्दी बोलपत्र आव्हानको सूचना*

*चौथो पटक सूचना प्रकाशित मिति २०७६।०६।०२*

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) १ र (घ) ६ बमोजिम यस मण्डनदेउपुर नगरपालिकबाट आ.ब. २०७६/७७ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले प्रदेश आर्थिक ऐनबाट पारित दररेट बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (**IEE**) मा उल्लेखित क्षेत्रहरुबाट स्विकृत परीमाणभन्दा बढी उत्खनन नहुने गरी रोडा,ढुंगा,बालुवा,ग्राभेल संकलन तथा बिक्रि शुल्कको ठेक्का लिन ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र शिलबन्दी बोलपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका शिलवन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

<u>ठेक्का सम्बन्धी बिबरण :-</u>

| क्र. सं | आन्तरीक आय ठेक्का संकेत | ठेक्का को विषय क्षेत्र | आ.व.२०७६/७७ का लागि कायम न्यूनतम अंक रु. (मु.अ.कर बाहेक) | संकलन/ उत्खनन् गर्न पाउने अधिकतम परिमाण (बार्षिक) | बोलपत्र फाराम दस्तुर | धरौटी/जमानत रकम | ३ नं प्रदेश सरकारबाट स्वीकृत दररेट |
|---|---|---|---|---|---|---|---|
| १ | १/IR/०७६/७७ | मण्डनदेउपुर नगरपालिका क्षेत्र भित्रको ईन्द्रावती नदि, ढाडखोला र थारखोला नदी क्षेत्रबाट रोडा ढुंगा,बालुवा,ग्राभेल (IEE मा उल्लेखित क्षेत्रहरुबाट) संकलन गर्ने<br>मण्डन देउपुर नगरपालिका भित्र उत्पादन भई बिक्री हुने नदिजन्य पदार्थको बिक्री शुल्क (बोलपत्र फारामसाथ उपलब्ध सूची अनुसार) | १०,९९,७३,६८६।०० (दश करोड उनान्सय लाख त्रिहत्तर हजार छ सय छयासी रुपैया मात्र) | १,२२,१९२९८। ६० क्यू.फिट | १०,०००।- | मु.अ.कर सहित कबोल अंकको ४ प्रतिशत | बालुवा, गिट्टी, ढुङ्गा, स्लेट प्रति क्यू फिट संकलन मुल्य मु.अ. कर बाहेक रु. ३ (तीन रुपैयां मात्र)<br>विकि मुल्य मु.अ. कर बाहेक रु.६ (छ रुपैयां मात्र) |

<u>**ठेक्का सम्बन्धि शर्तहरु :**</u>

१. शिलवन्दी बोलपत्र फाराम खरिद गर्दा ब्यक्तिको हकमा नेपाली नागरीक भए नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलीपी,ब्यक्तिगत प्यान दर्ता प्रमाण पत्र फर्मको हकमा अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलीपी, आ.व. २०७४/७५ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपी ,साथै लिखित निवेदन स्वघोषणा पत्र र मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलीपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७६।०६।१६ गते) को कार्यालय समय भित्र राजस्व शाखामा बोलपत्र फारम दस्तुर बुझाई खरिद गर्न सकिनेछ ।

२. E-Bidding को लागि बोलपत्र फाराम खरिद गर्दा ब्यक्तिको हकमा नेपाली नागरीक भए नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलीपी,ब्यक्तिगत प्यान दर्ता प्रमाण पत्र फर्मको हकमा अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलीपी, आ.व. २०७४/७५ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपी साथै लिखित निवेदन स्वघोषणा पत्र र मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलीपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७६।०६।१६ गते) को कार्यालय समय भित्र e-bidding मार्फत www.bolpatra.gov.np बाट Bid document Download गर्न सकिनेछ ।
जनता बैंक संचित कोष खाता नं ०६२००९०४९६८७४०३ मा बोलपत्र दस्तुर जम्मा गरि बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

३. बोलपत्र फाराम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६ (सोह्र)औं दिनको १२:०० बजे अर्थात मिति २०७६।०६।१७ गते दिनको १२:०० बजे भित्र पेश गर्न सकिनेछ । पेश भएका शिलवन्दी बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

४. E- Bidding मार्फत प्राप्त बोलपत्रहरु फाराम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६(सोह्र)औं दिनको १२:०० बजे अर्थात मिति २०७६।०६।१७ गते दिनको १२:०० बजे भित्र e-submission गर्न सकिनेछ । e-submitted बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । Bid Response गर्दा बुदा नं १ मा उल्लेख भएका कागजात , बैंक जमानत ,बोलपत्र दस्तुर ,Bid Response document PDF Format मा Submission गर्नुपर्नेछ । E-Bidding प्रकिया बोलपत्र खोल्ने प्रकिया सम्म रहनेछ ।

५. माथि उल्लेख गरिएको सुचना बाहेक अन्य जानकारीका लागि यस कार्यालयको website: mandandeupurmun.gov.np, सुचनापाटी तथा प्रथम पटक प्रकाशीत मिति २०७६।०३।०२ को नया पत्रिकामा र दोस्रो पटक प्रकाशीत मिति २०७६।०४।०३ र २०७६।०५।०५ को अन्नपुर्ण पोष्ट मा हेर्न सकिनेछ ।